२१ असार २०६८

श्रीमान् डा. युवराज संग्रौला ज्यू,
माहान्यायधिवक्ता
महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं ।

**विषय : रिना रसाइलीको ज्यान मारेको सम्बन्धी फौजदारी मुद्दाका अनुसन्धान र अभियोजन सम्वन्धमा ।**

श्रीमान्

गैर न्यायिक रुपमा सेनाद्वारा हत्या गरिएकी रिना रसाइलीको परिवारको कानुनी सल्लाहकारका हैसियतले रिनाको मुद्दामा भएको विद्यमान स्थितिमा चिन्ता जाहेर गर्दै यो पत्र प्रेषित गरेकी छु । २०६३ जेठ ११ गते काभ्रे जिल्ला प्रहरी कार्यालयमा दर्ता गरिएको जाहेरीमा ९ नं वाहिनी, भकुन्डेबेसीबाट खटिएका उपसेनानी सरोज बस्नेतको नेतृत्वमा आएका सैनिक दस्ताका नाम थाहा नभएका सदस्यलाई रिनाको हत्यामा संलग्न रहेको भनी आशंका गरिएकोमा सो अनुसार अनुसन्धानको काम सम्पन्न भै निज उपसेनानी सरोज वस्नेत समेतका विरुद्धमा मिति २०६८।६।१ गतेका दिन ज्यान सम्वन्धि महलको १३(१) को कसुरमा ऐ १३(१) वमोजिम सजायको माग गरी अभियोग पत्र दायर भै थुनछेक हुदा पक्राउ भै आएका सो मुद्दाका अभियुक्त मध्येका काजी वहादुर कार्की जिल्ला अदालतको थुनछेक आदेशले मुद्दा पुर्पक्षको लागि थुनामा रहेका छन भने अर्को अभियुक्त उपसेनानी सरोज वस्नेत हाल सम्म फरार रहेका छन । कम्तिमा एउटा आरोपित मात्रै भएपनि पक्राउ परेको तथ्यलाई हामी स्वागत गर्दछौं तर यसका अलावा अनुसन्धान तथा अभियोजनमा ठोस प्रगति नभएकोमा हामी त्यतिकै चिन्तित पनि छौ ।

यहाँलाई विदित्तै होला, पौष २०६६ मा सर्वोच्च अदालतले रिनाको सन्दर्भमा परेको परमादेशको मुद्दामा अन्तिम आदेश हुदा प्रहरीले मुद्दामा उपयुक्त अनुसन्धान नगरेको उल्लेख गरेको थियो र यसो हुनुमा सरकारी वकिलको अपर्याप्त निर्देशन आंशिक कारण रहेको देखाएको थियो । अदालतले महान्यायाधिवक्ताको कार्यालयलाई आदेश दिँदै काभ्रे जिल्ला सरकारी वकिलको कार्यालयलाई अनुसन्धान तथा अभियोजन अगाडि बढ्ने सुनिश्चितताका लागि शीघ्र कदम चाल्ने निर्देशन दिनु भनी उल्लेख गरेको थियो र यसमा जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिने तथा उक्त कार्यालयसँग संयोजन गर्ने कदम पनि समावेश थियो । यहाँको कार्यालयले यो मुद्दामा न्यायको सुनिश्चितताका लागि महत्वपूर्ण भूमिका खेल्न सक्दछ भन्नेमा हाम्रो दृढ विश्वास छ र यसैगरी अल्झिएर बसेका र प्रभावकारी अनुसनधान हुन नसकेका अन्य मुद्दाको प्रगतिमा समेत

यहाँको कार्यालयले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास रहेको छ। सर्वोच्च अदालतले रिनाको मुद्दा र अन्य यस्तै प्रकारका मुद्दामा दिएको आदेश लागु गर्ने सुनिश्चितताका लागि यहाँले सक्रियता देखाउनुहुनेछ भन्ने हाम्रो आशा छ। यहाँ र यहाँका अधिकारीहरुलाई यससम्बन्धमा हामीले पुऱ्याउनसक्ने सहयोगका लागि हामी सदैव तयार छौं।

रिनाको परिवारको कानुनी सल्लाहकारका नाताले अन्य गैरसरकारी संस्थाको सहयोगमा हामीले सूचनाहरु संकलन गरेका छौं र यी सूचना यहाँका अनुसन्धानकर्ता तथा अभियोजकलाई महत्वपूर्ण ठहरिन सक्छन्। यो मुद्दामा थप अनुसन्धानका लागि अनेकौं पाटा छन् र मुद्दालाई कमजोर तुल्याई जवाफदेहि र जिम्मेवारीवाट उन्मुक्ति लिन खोज्ने मुद्दाका प्रतिवादी तथा निकायको तर्क लाई निस्तेज पार्न तपाई र तपाईको कार्यालयको महत्वपुर्ण भुमिका रहने र सो अभियानलाई सहयोग गर्न हामि तत्पर रहेको व्यहोरा समेत यसै पत्रद्वारा अवगत गराउन चाहन्छु। यस सम्वन्धमा हाम्रो चासो र सरोकार निम्न लिखित रुपमा राख्न चाहन्छौ।

***अनुसन्धानमा रहेका कमजोरीका सवालमा :***

- एउटा मात्र आरोपितलाई पक्राउ गरिएको छ जबकि आरोपित सैनिक कमान्डर स्वतन्त्र घुमिरहेका छन्।

हालका मितिसम्म काजी बहादुर कार्की नाम गरेका एक आरोपितलाई मात्र पक्राउ गरी निज मुद्दा पर्पक्षको लागि थुनामा रहेका छन । उनलाई २०६७ असोज १ गते कास्की जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी काभ्रे प्रहरीलाई बुझाएको थियो। घटनाका बेला कार्की तल्लो तहका सैनिक जवान थिए र रिनाको मृत्यु भएको रात उनी सैन्य दस्ताका सदस्यका रुपमा घटनास्थलमा उपस्थित थिए। तर रिनालाई सोधपूछ गर्दा र हत्या गर्दाका समयमा रहेका उनीबाहेकका अन्य सैनिकलाई हालसम्म पक्राउ गरिएको तथा सोधपूछका लागि प्रहरी हिरासतमा लगिएको छैन। २०६७ असोजमा काभ्रे प्रहरी कार्यालयले तत्कालीन सेनानी सरोज बस्नेतका नाममा पक्राउ पुर्जी जारी गरेको भएपनि उनलाई हालसम्म पक्राउ गरिएको छैन। निज हाल सम्म पनि सैनिक जागिरमा रहेको कुरा वुझिएको छ।

- प्रतिवादीले प्रहरीसमक्ष दिएको बयानमा रहेका कमीकमजोरी।

असोज २०६७ मा पक्राउ परेपछि काजी कार्कीले प्रहरीसमक्ष बयान दिए। उनको बयान छोटो छ र यसमा थुप्रै विरोधाभास छन्। अन्तर्वार्ता लिँदा प्रहरीले उचित ध्यान नपुऱ्याएको भन्ने यसले संकेत दिन्छ। बयानमा कार्कीले घटनामा आफ्नो संलग्नता नरहेको भनी सजिलै बताएका छन् तर सोधपूछ गर्नेहरुले उनलाई यससम्बन्धी विस्तृत प्रश्न गरेका छैनन्। सबभन्दा चिन्ताको विषय त कार्कीले आफ्नो बयानमा देवी सुनुवारले आफूमाथि गलत आरोप लगाएको भनी बताएका छन् जबकि जि.प्र.का. काभ्रेलाई नेपाली सेनाले २०६३ मा दिएको पहिलो प्रतिक्रिया तथा २०६२ भदौ १२ गते सेनाको कोर्टमार्सलको फैसलामा संकेत भएअनुसार कार्कीले रिनाको हत्या गरेको भनी आरोप सेनाले नै लगाएको थियो।

रिनालाई सैनिकहरुको एक समूहले करणी गरेको भनी कार्कीले आफ्नो बयानमा बताएका छन् । निजको सो वयानले के कुरालाई प्रष्ट पारेको छ भने सो रातको घटनाको वारेमा निज प्रत्यक्ष जानकारका पात्र हुन । अभियोग पत्रको अन्तमा भनिएको छ उक्त वारदातमा खटिगएका अन्य सैनिक व्यक्तिहरुको नाम, थर र वतन तथा कार्यरत स्थान समेत अनुसन्धानवाट खुल्न नआएकोले निजहरुको नामथर वतन खुल्न आएका वखत पुरक अभियोग लगाउने भनिएको छ । यसले पनि प्रहरीले पुन अनुसन्धान गर्न सक्ने अवस्था रहेको छ र सो अनुसार हाल पक्राउ परि आएका प्रतिवादी काजी वहादुर कार्की सो घटनास्थलमा रहेका भनि स्विकार गरेकाले आवश्यक अनुसन्धानको लागि यस कार्यलय तथा मातहत सरकारी वकिलले अनुसन्धान गर्ने निकायलाई उचित निर्देशन दिई अझ प्रभावकारी अनुसन्धान हुनु पर्ने अवस्था रहेको छ ।

- कोर्टमार्सलका दस्ताबेज अदालतलाई हस्तान्तरण गरिएको छैन ।

नेपाली सेनाले मुद्दासँग सम्बन्धित रहेको अनुशासनात्मक कारबाही (गैरन्यायिक हत्यामा होइन) का लागि कार्टमार्सल गरेको थियो । कोर्टमार्सलको फैसलामा अनेकौं दस्ताबेज तालिकाबद्ध गरिएका थिए जसमा प्रतिवादी तथा अन्य सम्बन्धित व्यक्तिले दिएका बयानको संकलन गरिएको ४२ पृष्ठ लामो दस्ताबेज समेत थियो । यो दस्ताबेज सेनाले प्रहरीलाई अहिलेसम्म उपलब्ध गराइएको छैन । मुद्दामा अति नै महत्वपुर्ण प्रमाणको रुपमा रहेको ति दस्ताबेज लिनका लागि पहल गर्न हामी महान्यायाधिवक्ताज्यूलाई सादर अनुरोध गर्दछौं ।

- यौनजन्य हिंसाका आरोपमा अनुसन्धानको अभाव ।

काजी वहादुर कार्कीलाई मुलुकी ऐनको ज्यानसम्बन्धी महलको धारा १३ (१) अन्तर्गत अभियोग लगाइएको छ तर रिनालाई हत्या गर्नु अगाडि यौनजन्य हिंसा गरिएको थियो भन्ने प्रमाण छ । यो प्रमाणमा घटनाका प्रत्यक्षदर्शीले दिएका बयान, थप साक्षीका बयान संलग्न छन् । तर अभियोजन पक्षले सो उपर कुनै पनि अभियोग लगाएको छैन । प्रहरी तथा सरकारी वकिलले यसउपर पूर्ण तथा निष्पक्ष अनुसन्धान गर्ने सुनिश्चितता गरुन् भनी यहाँले निर्देशन दिनका लागि हामी आग्रह गर्दछौं ।

*अदालत तथा प्रहरीलाई सहयोग नगर्नका लागि सेनाले गरेका कानुनी बहस ।*

- नियमित अदालतको क्षेत्राधिकारमाथि चुनौती ।

यसै मुद्दाको दौरानमा मिति २०६७ माघ १२ गते सहायक रथी निरेन्द्र प्रसाद अर्यालले काभ्रे जिल्ला अदालतलाई पत्र पठाएर सरोज बस्नेतलाई पक्राउ गर्नका लागि उक्त अदालतले जारी गरेको पक्राउ पुर्जीलाई मान्नका लागि नेपाली सेना बाध्य छैन । सरोज बस्नेतमाथि कोर्टमार्सलले कारबाही गरिसकेको र

**Head Office:** Shantiniketan Marg- 94/14,Gairidhara, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4415789/4415646 Fax: 4426698 email:info@advocacyforum.org.np,
URL: http:// www.advocacyforum.org
Regional & Branch Offices
Biratnagar Tel: 977-21-530666 Email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-463890 Email: advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 Email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 Email: advsurkhet@yahoo.com
Rupandehi Tel :977-71-522402, Email: advrupandehi@wlink.com.np
Ramechhap Tel: 977-48-540328, Email: advramechhap@ntc.net.np
Bardia: Tel: 977-84-421022, Email: advbardia@ntc.np.np
Nepalgunj Tel: 977-81-526278 Email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 Email: advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 Email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, Email: advdhanusha@yahoo.com
Baglung Tel: 068-520562,Email: advbaglung1@ntc.net.np
Dolakha: 977-49-421010, Email: advdolakha@ntc.net.np
Jhapa: 977-23-436115, Email: info@advocacyforum.org.np

दोहोरो खतराको सिद्धान्त लागू हुने भएकाले बस्नेतले अदालतको आदेश पालना गर्नुपर्ने कुनै बाध्यता छैन भनि पत्रमा उल्लेख गरीएको छ ।

सेनाले नियमित अदालतको क्षेत्राधिकार तथा सांकेतिक रुपमा नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयको अधिकारलाई नमान्ने व्यहोराको यो पत्रले गम्भीर चिन्ता उब्जाएको छ । पहिलो त, दोहोरो खतराको सिद्धान्त लागू हुन्छ/हुँदैन भन्नेमा निर्णय दिने कानुनी अधिकार नेपाली सेनाको मानवअधिकार निर्देशनालयलाई छैन । सेनाले यस्तो तर्क राख्न चाहन्छ भने अदालतले दिएको पक्राउ तथा अन्य आदेश पालना गर्दै अदालतमा जानुपर्दछ । दोस्रो, सर्वोच्च अदालतले यो सवालमा पटक पटक बोलिसकेको छ । उदाहरणका लागि, मैना सुनुवारको मुद्दामा भदौ २०६४ मा फैसला गर्ने बेलामा यस्तै खालको तर्क अदालतमा प्रस्तेत भएकोमा सो तर्कलाई अदालतले अस्विकार गर्दै मुद्दाको अनुसन्धान गर्न आदेश दिएको थियो ।

नागरिकलाई हत्या गरेको भन्ने आशंका गरिएका सैनिकउपर अनुसन्धान गर्नका लागि कोर्टमार्सल उपयुक्त र कानुन सम्मत निकाय हैन । किनकी निष्पक्ष अनुसन्धान गर्नका लागि बनाइएका अन्तर्राष्ट्रिय मापदण्डलाई यसले पुरा गर्दैन र अभियुक्तहरुलाई दिइएको सजाय अपराधको गाम्भीर्य अनुरुपका छैनन र हुदैनन । यसै सन्दर्भमा काजी वहादुर कार्कीलाई सैनिक अदालतले रिनाको मृत्युपछि भगौडा भई अनुशासन तोडेकोमा मात्र अभियोग लगाएको थियो र यसका लागि उनलाई ४६ दिनको हिरासतमा राख्ने सजाय दिएको थियो । उनलाई गैरन्यायिक हत्याका लागि अभियोजन तथा दण्ड दिइएको थिएन । यसर्थ ति मुद्दाहरुमा दोहोरो खतराको सिद्धान्त लागू हुने कुरै आउँदैन ।

मानवअधिकारको उल्लंघनलाई नागरिक अदालतमा अभियोजन गर्नुपर्छ भन्ने सिद्धान्तलाई संयुक्त राष्ट्रसंघ मानवअधिकार समिति तथा यातनाविरूद्धको समितिले अपनाएको छ ।[1] यो अनेकौं मानवअधिकार सम्बन्धी दस्ताबेजमा समेत आएको छ जसमा दण्डहीनता रोकथामका लागि काममार्फत मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी सिद्धान्तका अद्यावधिक गरिएको सेट,[2] सैनिक न्यायाधिकरण मार्फत न्याय सम्पादनलाई

[1] UN Human Rights Committee, Concluding Observations of the Human Rights Committee on the Democratic Republic of the Congo, UN Doc.CCPR/C/COD/CO/3; UN Committee Against Torture: Conclusions and Recommendations of the Committee against Torture on Guatemala, UN Doc. CAT/C/GTM/CO/4 para.14.

[2] Principle 29: The jurisdiction of military tribunals must be restricted solely to specifically military offenses committed by military personnel, to the exclusion of human rights violations, which shall come under the jurisdiction of the ordinary domestic courts or, where appropriate, in the case of serious crimes under international law, of an international or internationalized criminal court.

नियमन गर्ने मस्यौदा सिद्धान्त,[3] न्यायिक स्वतन्त्रताको मस्यौदा विश्वव्यापी घोषणा (सिंघवी घोषणा)[4] र ओएससिइ/डिक्याफ मानवअधिकार तथा सशस्त्र समूहका आधारभूत सिद्धान्तसम्बन्धी हातेकिताब लगायत छन् ।

- प्रतिवादीलाई सैनिक हिरासतमा पठाउनका लागि गरिएको माग ।

यो मुद्दामा सेनाले अदालतसँग सहकार्य गर्न अस्वीकार गरेको मात्र नभई २०६७ चैत १ गते कार्कीलाई सैनिक अदालतमा हस्तान्तरण गर्नका लागि अनुरोध गरेको छ । बन्दीप्रत्यक्षीकरणको मुद्दामा हुने सुनुवाइभन्दा अघि पेश गरिएको निवेदनमा यस्तो अनुरोध गरिएको थियो । आफ्नो निवेदन पुष्टि गर्नका लागि सेनाले अनुचित तर्कहरु अघि सारेको थियो जसअनुसार द्वन्द्वसँग सम्बन्धित अभियोजन सत्य निरुपण तथा मेलमिलाप आयोगले मात्र गर्नुपर्दछ तथा सैनिकले गरेको करणी तथा ज्यान मार्ने अभियोगमा नागरिक अदालतको क्षेत्राधिकार रहँदैन (जबकि संशोधन गरिएको सैनिक ऐनले रहन्छ भनी प्रस्ट भाषामा बताएको छ) भनि दावि गरेको छ । सर्वोच्च अदालतले यस्ता खालका तर्कलाई अस्विकार गरिसकेको तथ्यलाई नजरअन्दाज गर्दै सेनाले मुद्दालाई अनावश्यक लम्ब्याउन यी तर्क पेश गरेको छ । दण्डहीनतालाई मलजल गर्ने यस्ता कानुनी तर्क नेपालले वाध्यात्मक रुपमा पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय कानुनका व्यवस्था विपरीत छन् जसलाई मानवअधिकार उच्चायुक्तको कार्यालयले भर्खरै गरेको कानुनी ब्रिफिङमा समावेश गरेको थियो ।[5]

सर्वोच्च अदालते द्वन्द्वको समयमा भएको मानव अिधकार उलंघन तथा फौजदारी कानुन विरुद्धका कार्यहरु नियमित अदालतवाट हेर्नु सकिने र हेर्नु पर्ने भनि विभिन्न मुद्दाहरुमा आदेश जारी भएता पनि उच्च स्तरीय सत्य निरुपण तथा मेल मिलाप आयोगको क्षेत्राधिकारको कुरा उठाएर जिम्मेवारी वाट पन्छिन खोज्ने प्रवृतिले हामीलाई दुखित तुल्याएको छ । यसले मुलुकमा दण्डहिनताको वढवा हुदै गएको छ । विधिको शासन भएको मुलुकमा यो कसैको लागि पनि उचित हुन सक्दैन ।
यो पत्रमार्फत हामिले चासो र सरोकार राख्न चाहेको भनेको केवल यो एउटा मुद्दाको विषय मात्र न भै विभिन्न प्रहरी कार्यलयमा दर्ता भएको यस्तै प्रकारको जाहेरी दरखास्त उपर हुने अनुसन्धान र अभियोजन

[3] Principle 7: The jurisdiction of military courts should be limited to offences of a strictly military nature committed by military personnel; Principle 8:"In all circumstances, the jurisdiction of military courts should be set aside in favour of the jurisdiction of the ordinary courts to conduct inquiries into serious human rights violations such as extrajudicial executions, enforced disappearances and torture, and to prosecute and try persons accused of such crimes.

[4] Declaration Principle 5(f): The jurisdiction of military tribunals shall be confined to military offences; OSCE/DCAF p. 229: "in instances where civilian and military courts have overlapping jurisdictions, the choice of assuming jurisdiction over a case should lie with the civilian court".

5 This legal briefing is available at http://www.un.org.np/report/relationship-between-transitional-justice-mechanisms-and-criminal-justice-system.kj

**Head Office:** Shantiniketan Marg- 94/14,Gairidhara, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4415789/4415646 Fax: 4426698 email:info@advocacyforum.org.np,
URL: http:// www.advocacyforum.org
Regional & Branch Offices
Biratnagar Tel: 977-21-530666 Email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-463890 Email: advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 Email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 Email: advsurkhet@yahoo.com
Rupandehi Tel :977-71-522402, Email: advrupandehi@wlink.com.np
Ramechhap Tel: 977-48-540328, Email: advramechhap@ntc.net.np
Bardia: Tel: 977-84-421022, Email: advbardia@ntc.np.np
Nepalgunj Tel: 977-81-526278 Email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 Email: advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 Email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, Email: advdhanusha@yahoo.com
Baglung Tel: 068-520562,Email: advbaglung1@ntc.net.np
Dolakha: 977-49-421010, Email: advdolakha@ntc.net.np
Jhapa: 977-23-436115, Email: info@advocacyforum.org.np

रहेको छन । मानवअधिकारका गम्भीर मुद्दामा अनुसन्धान तथा अभियोजन गर्ने नियमित फौजदारी न्याय प्रणालीको क्षेत्राधिकारलाई न्यून गर्ने प्रयासका रुपमा आएका ति अवरोधहरु माहान्यायाधिवक्ताको कार्यालयको अधिकारउपर नै चुनौती दिने भएकाले हामी चिन्तित बनेका हौं ।

मुलुकमा दण्डहिनताको अन्त्य र विधिको शासनको पक्षमा यहाँले गर्नुहुने प्रयासमा सधैं हाम्रो साथ रहनेछ ।

भवदीय,

मन्दिरा शर्मा
अध्यक्ष
एड्भोकेसी फोरम